नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(**सामाजिक समावेशीकरण शाखा** )
सिंहदरबार , काठमाण्डौ, ।

पत्रसंख्याः ०८३/८४ सा.स.च.नं. ६

मितिः२०८३।४।८
नेपाल संवत् ११४६

श्री स्थानीय तह(सबै)।

विषयः अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाउने सम्बन्धमा।

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषद्को प.सं. ०८३/८४,च.नं. १४. मिति २०८३।४।६ को अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाउने विषयको पत्र मार्फत तहाँ स्थानीय तहमा समेत संयुक्त राष्ट्रसंघले सन् २०२६ का लागि तय गरेको "Different contexts, common Aspirations" को नेपाली भावानुवाद "भिन्न परिवेश, साझा आकांक्षा" भन्ने आदर्श वाक्यसहित रचनात्मक कार्यक्रमहरूको आयोजना गरी साउन २१-२७ गतेसम्म सप्ताहव्यापी रुपमा अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाउन समन्वय र सहजीकरणका लागि लेखी आएकाले सोही बमोजिम गर्नु/गराउनुहुन आदेशानुसार अनुरोध छ। साथै राष्ट्रिय युवा परिषद्को पत्र यसै साथ संलग्न गरी पठाइएको छ।

(दिपेन्द्र पाण्डे)
शाखा अधिकृत

बोधार्थः

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री सूचना तथा प्रविधि शाखाः सबै स्थानीय तहलाई ईमेल गरिदिनुहुन ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
# राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल
(...............................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: ०८३/०८४
च.नं.: ९४

मितिः २०८३।०४।०६
ने सं ११४६ दिल्लाथ्व

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाउन समन्वय तथा सहजीकरण सम्बन्धमा।

उपरोक्त विषयमा मिति २०८३।०४।०१ गते माननीय युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय युवा परिषदको बैठकबाट परिषदको नेतृत्वमा सचिवालय गठन गरी सप्ताहव्यापि रूपमा अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाउने निर्णय भएको छ ।

संयुक्त राष्ट्रसंघले सन् २०२६ का लागि तय गरेको *"Different contexts, common Aspirations"* को नेपाली भावानुवाद *"भिन्न परिवेश, साझा आकांक्षा"* भन्ने आदर्श वाक्य सहित मुलुकभर विविध रचनात्मक कार्यक्रमहरूको आयोजना गरी सप्ताहव्यापी रुपमा (साउन २१ देखि २७ गते) अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाउने सम्बन्धमा यसै पत्रका साथ संलग्न च नं. ९३...मिति २०८३।०४।०६ को पत्रको व्यहोरा अनुरुप सम्पूर्ण स्थानीय तहहरुलाई सो दिवस मनाउनका लागि तहाँ मन्त्रालयको वेवसाइट र इमेल मार्फत आवश्यक समन्वय तथा सहजीकरणका लागि हार्दिक अनुरोध गर्दछु।

गेहनाथ गौतम
नि. प्रशासकीय प्रमुख

वेवसाइटः www.nyc.gov.np, इमेलः info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष),

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
# राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर, नेपाल
(.......................................................शाखा)


राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: ०८३/८४
च.नं.: १३

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: ९४५

मितिः २०८३।०४।०६

ने सं ११४६ दिल्लाथ्व

श्री महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरू,
सबै।

विषयः अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाउने सम्वन्धमा।

प्रस्तुत विषयमा हरेक वर्ष संयुक्त राष्ट्रसंघको आह्वानमा अगष्ट १२ तारिखका दिन विश्वब्यापी रुपमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउने परम्परा रहिआएको छ। सन् १९९८ अगस्ट ८ देखि १२ तारिखसम्म संयुक्त राष्ट्रसंघको समन्वयमा पोर्चुगलको राजधानी लिसवनमा विश्वका १४० देशका युवा मामिला हेर्ने मन्त्री ज्यूहरुको सहभागितामा विश्व युवा सम्मेलन भएको थियो। उक्त सम्मेलनका सहभागीहरूले आफ्नो देशमा राष्ट्रिय युवा नीति तर्जुमा गर्ने साझा प्रतिवद्धता व्यक्त गर्दै युवा सशक्तिकरणका पक्षमा ८८ बुँदे लिसवन घोषणापत्र समेत जारी गरेको थियो। सन् २००० देखि संयुक्त राष्ट्रसंघको आह्वानमा अगष्ट १२ लाई विश्वभरी नै अन्तर्राष्ट्रिय युवा दिवस मनाउने गरिएको छ।

मिति २०८३।०४।०१ गते माननीय युवा, श्रम तथा रोजगार मन्त्री एवम् परिषदका अध्यक्ष रामजी यादवज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय युवा परिषदको बैठकबाट परिषदको नेतृत्वमा सचिवालय गठन गरी सप्ताहव्यापि रूपमा मुलुकभर अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाउने निर्णय भएको छ। संयुक्त राष्ट्रसंघले सन् २०२६ का लागि तय गरेको "*Different contexts, common Aspirations*"को नेपाली भावानुवाद "भिन्न परिवेश, साझा आकांक्षा" भन्ने आदर्श वाक्यसहित मुलुकभर रचनात्मक कार्यक्रमहरूको आयोजना गरी साउन २१-२७ गतेसम्म सप्ताहव्यापी रुपमा अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाउन केन्द्रिय तहमा यस सचिवालयको समन्वयमा सरकारी, तथा संयुक्त राष्ट्र संघीय निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय युवा केन्द्रित संघसंस्थाहरू तथा युवा सञ्जाल र युवा अभियन्ताहरू बीच सहकार्य र साझेदारी भैरहेको छ।

तसर्थ युवाको अर्थपूर्ण सहभागितामा विविध कार्यक्रमको आयोजना गरी यही श्रावण २१-२७ गतेसम्म सप्ताहव्यापी रुपमा तहाँ पालिकाहरूमा अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाउनका लागि अनुरोध छ।

<u>संभावित कार्यक्रमहरू</u>

१. युवा नीति वहस् तथा युवामैत्री शासन प्रवर्धन
२. युवा उद्यमशीलता तथा स्वरोजगार लक्षित कार्यक्रम
३. स्थानीय उत्पादन तथा युवा स्टार्टअप प्रदर्शनी र उत्प्रेरणा
४. युवा लक्षित प्रतियोगिताहरू
५. युवा परिषद् गठन तथा परिचालन
६. सरसफाई, वृक्षारोपण जस्ता सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय क्षेत्रमा युवा स्वयमसेवक परिचालन ।

गेहनाथ गौतम
नि. प्रशासकीय प्रमुख

बोधार्थः
श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं,
श्री युवा, श्रम तथा रोजगार मन्त्रालय, सिंहदरवार, काठमाडौं,
श्री नेपाल नगरपालिका संघ, लाजिम्पाट, काठमाडौं
श्री गाउँपालिका महासंघ नेपाल, अनामनगर काठमाडौं ।


वेवसाइटः www.nyc.gov.np, इमेलः info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष),